राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक २०५ | २०८२ चैत्र ३० गते सोमबार | (Monday, 13 April, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

राजनीतिको छायाँ, उद्योगको संघर्ष

## पुनर्जीवन खोजिँदै जनकपुर चुरोट कारखाना



**कमलेश ठाकुर**

*जनकपुरधाम, चैत्र २९ गते ।*

एक दशकदेखि जनकपुर चुरोट कारखाना पूर्ण रूपमा बन्द छ । यसबीचमा धेरै सरकार फेरबदल भए । अधिकांश उद्योगमन्त्रीहरूले निरीक्षण गरी सञ्चालन गर्ने आश्वासन बाँडे । तर, उद्योग अझै बेवारिसेजस्तै छ । जीर्ण बन्दै गएको छ ।

सरकारले आर्थिक वर्ष ०७९/०८० को बजेट वक्तव्यमा उद्योग सञ्चालनमा ल्याउने योजना समावेश गरेपछि यसले पुनर्जीवन पाउने चर्चा चुलिएको छ । बुधबार उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले उद्योगको निरीक्षण गरे ।

निरीक्षणका क्रममा उनले यो उद्योग उचित ढाँचा तयार गरी सञ्चालन गरिने बताए । त्यसो हुन नसकेको अवस्थामा निजी क्षेत्रलाई दिएर भए पनि सञ्चालन गर्न सकिने उनको भनाइ छ । जनकपुरका व्यवसायीहरूले पनि यस्तै माग गरेका छन् ।

"निजी क्षेत्रलाई जिम्मेवारी दिएर उद्योग सञ्चालनमा ल्याउन हामीले माग गरेका छौं," जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ भने ।

प्राध्यापक राम सिंहले राजनीतिक दल र नेताकै हस्तक्षेपले उद्योग बन्द भएको सुनाए । पुनः सञ्चालन गर्ने विषयमा पनि उनीहरूले नै हस्तक्षेप गरिरहेको सिंहको ठहर छ । "नेताले त्यो कारखाना भएको ठाउँमा संरचना बनाउन सक्छन् भने सञ्चालनका लागि पहल किन गर्न सक्दैनन् ?," उनले भने, "मन्त्री, नेताहरू अनुगमनमा झुटो आश्वासन र भत्ता पकाउन मात्रै आइरहेका छन् ।"

**यसरी भयो धराशायी**

रुस सरकारको सहयोगमा वि.सं. २०१७ सालदेखि कारखाना निर्माण सुरु गरियो । राजा महेन्द्र शाहले २०२१ पुस २९ गते ३३ बिघामा फैलिएको उक्त कारखानाको उद्घाटन गरे । त्यति बेला उद्योगको कुल चुक्ता पुँजी चार करोड आठ लाख ३७ हजार रुपैयाँ थियो । करिब ३०० कर्मचारी कार्यरत थिए ।


उद्योगले ०४४ सालमा साढे चार हजार मानिसलाई रोजगारी दियो । कारखानाले कर्मचारी थपेसँगै कारोबार पनि बढेको थियो । त्यति बेला जनकपुरभन्दा बाहिर बुटवल, नारायणघाटलगायत स्थानमा जग्गा खरिद गरी भवन निर्माण समेत गरियो ।

जचुकाली सुर्ती विकास कार्यालय, धागो बुटवल, सेती चुरोट कारखाना धनगढीलगायत उद्योगको सेयर थियो । त्यति बेलासम्म कारखानाको अवस्था ठिक थियो । तर, ०४६ सालमा प्रजातन्त्र आएपछि राजनीतिक हस्तक्षेप बढ्दै गयो । त्यसपछि कारखानाको विनाशलीला सुरु भयो ।

सरकार परिवर्तनसँगै सञ्चालक समितिका अध्यक्ष र महाप्रबन्धक फेरिन थाले । राजनीतिक दलहरूले आफ्ना-आफ्ना कार्यकर्ता

*- बाँकी पृष्ठ ३ मा*

## कमला नदीमा डुबेर बेपत्ता युवकको शव फेला



**द पब्लिक टुडे समाचारदाता**

*ढल्केवर, चैत्र २९ गते ।*

धनुषास्थित कमला नदीमा डुबेर बेपत्ता भएका युवकको शव फेला परेको छ । गणेशमान चारनाथ नगरपालिका-५ स्थित कमला नदीमा पौडी खेल्ने क्रममा बेपत्ता भएका युवकको शव भटिएको हो । शनिबार नदीमा डुबेर बेपत्ता भएका जनकपुरधाम उपमहानगरपालिका-६ का १८ वर्षीय महमद आयन कमड आइतबार मृत अवस्थामा फेला परेका हुन् ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार घटना लगत्तै सशस्त्र प्रहरी सुरक्षा बेस रघुनाथपुर र प्रहरी चौकी चिसापानीबाट खटिएको टोलीले खोजी कार्य तीव्र पारेको थियो । स्थानीय स्तरको प्रारम्भिक प्रयासबाट युवक फेला नपरेपछि सशस्त्र प्रहरीको विशेष गोताखोर टोली परिचालन गरिएको थियो ।

उक्त गोताखोर टोलीले नै नदीको गहिराइबाट युवकको शव बाहिर निकालेको प्रहरी निरीक्षक केसीले जानकारी दिए । मृतकको शवलाई कानुनी प्रक्रिया पूरा गरी परीक्षण (पोस्टमार्टम)का लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको छ ।

घटनाको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## स्रोत नखुलेको नगदसहित दुई जना पक्राउ

**सर्लाही** : नियमित गस्तीमा रहेको प्रहरी टोलीले सर्लाहीको ब्रहम्पुरी गाउँपालिका-४ बाट स्रोत नखुलेको नगद रु आठ लाखसहित दुई जनालाई पक्राउ गरेको छ । केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार चन्द्रनगर गाउँपालिका-४ का २३ वर्षीय कृष्णकुमार पासवान र सोही पालिका-१ का ४१ वर्षीय शिवनारायण महतोलाई पक्राउ गरिएको हो । भारतबाट मोटरसाइकल चढेर आएका उनीहरूको शरीर खानतलासी गर्दा उक्त रकम बरामद भएको हो ।

## मधेसमा सिँचाइ संकट गहिरिँदै

### आधाभन्दा बढी खेतीयोग्य जमिन अझै वर्षाकै भरमा

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, चैत्र २९ गते ।*



सिँचाइ सुविधाको अभावले मधेस प्रदेशको कृषि क्षेत्र गम्भीर संकटमा परेको छ । करिब ६ लाख २ हजार हेक्टर खेतीयोग्य जमिनमध्ये केवल ४९ प्रतिशत क्षेत्रमा मात्र सिँचाइ सुविधा पुगेको छ । बाँकी ५१ प्रतिशतभन्दा बढी कृषि भूमि अझै वर्षाको पानीकै भरमा निर्भर रहनु परेको तथ्याङ्कले देखाएको छ ।

प्रदेश सरकारले प्रत्येक वर्ष सिँचाइ विस्तारका नाममा करोडौं रुपैयाँ खर्च गर्दै आए पनि अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । विगतमा 'खेत-खेतमा पानी, हात-हातमा काम' भन्ने नारासहित ल्याइएका योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको देखिन्छ ।

अनियमित वर्षा, भूमिगत पानीको असन्तुलित उपयोग तथा कमजोर पूर्वाधार व्यवस्थापनका कारण कृषि उत्पादनमा जोखिम बढ्दै गएको छ । डिप बोरिङ, पावर ड्रिल र ट्युबवेल जस्ता संरचनामा ठूलो लगानी भए पनि धेरै आयोजना सञ्चालनमा आउन नसक्दा ती योजना प्रभावहीन बनेका छन् ।

महोत्तरीको मनरा सिसवा नगरपालिका-१० सकरीमा ९५ लाख रुपैयाँ लागतमा निर्माण गरिएको डिप बोरिङ अझै सञ्चालनमा आउन सकेको छैन । स्थानीय भगवान झाका अनुसार विद्युत् जडान, मर्मत र व्यवस्थापन अभावका कारण संरचना उपयोगविहीन बनेको छ ।

प्रदेशमा महोत्तरीमा ३३ र धनुषामा २२ गरी ५५ वटा डिप बोरिङ जडान गरिएको भए पनि अधिकांश प्रयोगविहीन अवस्थामा छन् । त्यस्तै महोत्तरीमा ४३ र धनुषामा १२३ गरी २१६ वटा पावर ड्रिल ट्युबवेल जडान भए पनि धेरै सञ्चालनमा आउन

*- बाँकी पृष्ठ ३ मा*

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily
'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# युवा पलायन रोक्न सीपमूलक शिक्षा जरुरी

नेपालबाट युवाशक्ति विदेशिने क्रम दिनानुदिन बढ्दो छ । रोजगारीको अभाव,सीपको कमी र अवसरको असमान वितरणले हजारौं युवा आफ्नो भविष्य खोज्दै बिदेसिन बाध्य छन् । यसले देशभित्र उत्पादनशील जनशक्ति घट्नुका साथै दीर्घकालीन विकासमा नकारात्मक असर परिरहेको छ । यस्तो अवस्थामा सरकार गम्भीर भएर दीर्घकालीन समाधानतर्फ उन्मुख हुनु अत्यावश्यक छ । सबैभन्दा पहिलो, शिक्षालाई बजारमुखी र सीपमूलक बनाइनुपर्छ । हालको सैद्धान्तिक शिक्षा मात्रले रोजगारी सुनिश्चित गर्न सक्दैन । विद्यालयदेखि नै प्राविधिक तथा व्यावसायिक तालिमलाई प्राथमिकता दिई कृषि, पर्यटन, सूचना प्रविधि, निर्माणजस्ता क्षेत्रमा आवश्यक सीप विकास गरिनुपर्छ । यसले युवालाई स्वदेशमै आत्मनिर्भर बन्न प्रेरित गर्छ ।

दोस्रो, सरकारले उद्यमशीलता प्रवर्द्धनमा लगानी बढाउनुपर्छ । सहुलियतपूर्ण ऋण,कर छुट र स्टार्टअपलाई प्रोत्साहन गर्ने नीतिहरुले युवालाई आफ्नै देशमा व्यवसाय सुरु गर्न उत्प्रेरित गर्न सक्छ । साथै, स्थानीय तहसंग समन्वय गरी क्षेत्रअनुसारका रोजगारीका अवसर सिर्जना गरिनुपर्छ ।

तेस्रो, श्रम बजार र शिक्षाबीच समन्वय आवश्यक छ । कुन क्षेत्रमा कस्तो जनशक्ति आवश्यक छ भन्ने अध्ययन गरी सोहीअनुसार तालिम र शिक्षा प्रदान गरिनुपर्छ । यसले बेरोजगारी घटाउनुका साथै दक्ष जनशक्ति उत्पादनमा सहयोग पुर्‍याउँछ ।

यहाँ बुझ्नुपर्ने कुरा के भने युवा पलायन रोक्ने उपाय केवल प्रतिबन्ध होइन, अवसर सिर्जना हो । जब देशमै सम्मानजनक रोजगारी,सीप र भविष्यको सुनिश्चितता हुन्छ, तब मात्र युवाले विदेश होइन, स्वदेश रोज्छन् । त्यसैले अबको प्राथमिकता सीपमूलक शिक्षा र रोजगारी सिर्जना हुनु जरुरी छ ।

## राशिफल

मेष - चिन्ता बढ्न सक्छ ।
वृष - दौडधुप गर्नुपर्ला ।
मिथुन - उत्साह जगाउनेछ ।
कर्कट - रोकिएको काम बन्नेछ ।
सिंह - अध्ययनमा प्रगति हुने ।
कन्या - फाईदा हुने ।
तुला - आफन्त टाँढिन सक्छ ।
वृश्चिक - सामान्य प्रगति हुनेछ ।
धनु - अवसर प्राप्त हुने ।
मकर - आर्थिक अभाव देखापर्ला ।
कुम्भ - काममा बाधा हुने ।
मिन - आम्दानीको नयाँ स्रोत फेला पर्ने ।

### सरकारद्वारा सम्पत्ति विवरण सार्वजनिक

# मन्त्रिपरिषद्का सदस्यको सम्पत्ति : सुनदेखि सामाजिक सञ्जालसम्म



**द पब्लिक टुडे समाचारदाता**

*काठमाडौं, चैत्र २९ गते ।*

वालेन्द्र शाह नेतृत्वमा नयाँ सरकार बनेको १७ दिनमा मन्त्रिपरिषद्का सदस्यहरूले सम्पत्ति विवरण सार्वजनिक गरेका छन् ।

सार्वजनिक पदधारण गर्ने व्यक्तिको सम्पत्ति पारदर्शी हुनुपर्ने माग हुँदै आएपनि विगत बनेका केही सरकारका मन्त्रीहरूले सम्पत्ति विवरण सरकारलाई बुझाएका मात्र थिए सार्वजनिक गरेका थिएनन् ।

रास्वपाले चुनावी वाचापत्रमै सार्वजनिक पद धारण गर्नुअघि सम्पत्ति विवरण सार्वजनिक गर्ने प्रतिबद्धता गरेको थियो ।

सरकारले सार्वजनिक गरेको १०० कार्यसूचीमा २०४७ सालपछिको सार्वजनिक पदमा बसेकाहरूको सम्पत्ति छानबिन गर्ने निर्णय समेत गरेको छ । पहिले पदमा बसेकाहरूको सम्पत्ति समेत सार्वजनिक गर्ने सरकारको निर्णय रहेकाले उनीहरुले विवरण बुझाएर सार्वजनिक गरेका हुन् ।

भ्रष्टाचार निवारण ऐजमा मन्त्रीहरूले सम्पत्ति विवरण बुझाउनुपर्ने प्रावधान छ । तर यसरी बुझाएको विवरण सार्वजनिक गर्नैपर्ने कानुनी बाध्यता छैन । त्यसैले विवगतका धेरै वटा मन्त्रिपरिषद्ले विवरण बुझ्ने तर सार्वजनिक गर्न हिच्किचाउँथे ।

जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारका मन्त्रीहरूको पनि विवरण सार्वजनिक भएको थिएन ।

आइतबार सार्वजनिक भएका मन्त्रीहरूका सम्पत्ति विवरण हेर्दा अधिकांश मन्त्रीहरूको आर्थिक अवस्था उच्च र केहीको मध्यम देखिएको छ । घरजग्गा, शेयर, सुनचाँदी गरगहनादेखि पशुधनसमेतको विवरण उनीहरूले सार्वजनिक गरेका छन् । यी विवरण हेर्दा मन्त्रिपरिषद्का सदस्यहरूको व्यक्ति र पारिवारिक आर्थिक अवस्था उन्नत देखिन्छ ।

**प्रधानमन्त्रीको मुख्य सम्पत्ति : सामाजिक सञ्जाल**

सम्पत्तिको परिभाषाभित्र अब घरजग्गा, बैंक ब्यालेन्स, सुनचाँदी गरगहना मात्र रहेनन् । सामाजिक सञ्जालका फलोअर्स पनि अब सम्पत्तिको रुपमा दर्ज भएका छन् । प्रधानमन्त्री वालेन्द्र शाहले नै आफ्नै सम्पत्ति विवरणमा आफ्नो मुख्य कमाईकोस्थल समाजिक सञ्जाललाई देखाएका छन् । प्रधानमन्त्री बालेन शाहले आफ्नो बैंक ब्यालेन्स १ करोड ४६ लाख रुपैयाँ रहेको खुलाएका छन् । यसको स्रोत समाजिक सञ्जाल हो ।

उनले फेसकुबमा ४० लाख, युट्युबमा १२ लाख, एक्समा ५ लाख फलोअर्स रहेको पनि जानकारी गराएका छन् । उनको व्यक्तिगत नाममा घर जग्गा छैन । उनको आमा र बुवाको नाममा भने पर्याप्त जग्गाजमिन छ ।

उनले आफ्नो सम्पत्तिको स्रोत सामाजिक सञ्जाललाई मानेका छन् । प्रधानमन्त्री शाहकी पत्नी सविना काफ्लेको नाममा १९० तोला गरगहना रहेको उल्लेख छ ।

सुन, चाँदी, हिरा लगायतका गरगरहना १९० तोला गरगहना रहेको सम्पत्ति विवरणमा उल्लेख छ । उक्त सम्पत्ति प्राप्तिको स्रोत 'पैत्रिक' रहेको सम्पत्ति विवरणमा उल्लेख छ । आमाको नाममा काठमाडौंमा ५ आना जग्गा घर,धनुषामा डेढ बिगाहामा घर र महोत्तरीमा बाबुको नाममा ९ बिगाहा जग्गा रहेको छ । प्रधानमन्त्री शाहले शेयरको विवरण राखेका छैनन् ।

**गृहमन्त्री सुधन गुरुङ : ८९ तोला सुन, लाखौंको शेयर**

गृहमन्त्री सुधन गुरुङको ८९ तोला सुन छ । उनको नामा धनकुटामा १९ रोपनी १५ आना जग्गा रहेको उल्लेख छ। उक्त जग्गा लगानीबाट जोडेको सम्पत्ति विवरणमा उल्लेख छ ।

गृहमन्त्री गुरुङका पिता दिलबहादुर गुरुङको नाममा चितवनको भरतपुर-१८ गुञ्जनगरमा ३० कठ्ठा र बाजे रामसल गुरुङको (बाँडफाँट नभएको) नाममा गोरखाको चुननुब्रीमा २ सय २१ रोपनी जग्गा रहेको उल्लेख छ । गृहमन्त्री गुरुङको शेयर मार्केटमा ४ करोड ३१ लाख बढी लगानी देखिएको छ । जसमा होप होल्डिङ्स प्रालिमा ३० हजार थान साधारण शेयर रहेको उल्लेख छ ।

उक्त शेयरको मूल्य ३० लाख रहेको सम्पत्ति विवरणमा उल्लेख छ । त्यस्तै, लगुम प्रिमियम अपार्टमेन्ट्स प्रालिमा ५ हजार ७ सय थान साधारण सेयर रहेको उनले सम्पत्ति विवरणमा उल्लेख गरेका छन् । जसको मूल्य ५७ लाख रहेको उल्लेख छ ।

त्यस्तै, सबैभन्दा बढी लगानी 'धितोपत्र बजारमा कारोबार हुने शेयरहरू' मा भएको उनले एकमुष्ट उल्लेख गरेका छन् ।

व्यवसायीक र पैत्रिक सम्पत्ति स्रोत देखाउँदै उनले उल्लेख गरेको विवरण अनुसार, 'धितोपत्र बजारमा कारोबार हुने शेयरहरू' मा २ करोड ७४ लाख ५६ हजार २ सय रहेको उल्लेख छ ।

एड्भेन्चर भिल्ला प्रालिमा पनि उनले आफ्नो शेयर रहेको उल्लेख गरेका छन् । जहाँ ७० हजार थान शेयर रहेको र त्यसको मूल्य ७० लाख हुन आउने उनले सम्पत्ति विवरणमा उल्लेख गरेका छन् ।

**अर्थमन्त्री वाग्ले : चार घर, कुस्त बैंक ब्यालेन्स**

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले चारवटा घर, अपार्टमेन्ट रहेको खुलाएका छन् । लामो समय विदेशमा बसेर जागिर गरेका वाग्ले आफ्नो सम्पत्तिको मुख्य स्रोत नै त्यही देखाएका छन् । उनको ललितपुरको सानेपामा (अपार्टमेन्ट) २ करोडको, ललितपुरमा ५ करोडको, काभ्रेमा अपार्टमेन्ट ३ करोड ७५ लाख, तनहुँमा २ करोडको घर रहेको उल्लेख गरेका छन् । उनको बैंक ब्यालेन्स १ करोड ९० लाख रुपैयाँ छ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आफूसँग ४५ तोला सुन रहेको खुलाएका छन् ।

आइतबार सार्वजनिक सम्पत्ति विवरणमा अर्थमन्त्री वाग्लेले पारिवारिक र रोजगारीबाट कमाएको रकमबाट जोडेको ४५ तोला सुन रहेको खुलाएका हुन् ।

त्यस्तै उनले सानिमा मिडल तमोर हाइड्रोमा प्रमोटर सेयर ७१ हजार ९३ कित्ता, सांग्रिला विकास बैंकमा प्रमोटर सेयर २५ हजार ७६२ कित्ता रहेको खुलाएका छन् ।

उनले नेशनल फन्ड म्यानेज्मेन्ट लिमिटेडमा ९० लाख रुपैयाँ, ठूलो लखोलामा ६० लाख, अपर मादी हाइड्रोमा ३ करोड रुपैयाँ रहेको पनि उल्लेख गरेका छन् । उनले आफूसँग ९४ लाख रुपैयाँको गाडी रहेको पनि बताएका छन् । त्यस्तै उनले ऋण पनि छ । ग्लोबल आइएमई बैंकबाट १ करोड ५ लाख, व्यक्तिगत सापटी २ करोड ५० लाख रुपैयाँ ऋण रहेको उल्लेख गरेका छन् ।

उनले राष्ट्रिय वाणिज्य बैंकबाट ३८ र स्ट्याण्डर्ड चार्टड बैंकबाट ७५ लाख रुपैयाँ ऋण लिएर पनि तिरिसकेको उल्लेख गरेका छन् ।

**परराष्ट्रमन्त्री शिशिर खनाल : बाबुको नाममा घरजग्गा, आफ्नो नाममा शेयर**

परराष्ट्रमन्त्री शिशिर खनालको घरजग्गा बुवा सूर्यभक्त खनालको नाममा रहेको छ । उनको बुवाको नाममा काठमाडौंमा ६ आनाको घर रहेको छ । त्यस्तै बुवाकै नाममा तनहुँ नवलपुर र नेपालगञ्जग गरी २८ रोपनी र २ कठ्ठा जग्गा छ । उनको बैंक ब्यालेन्स- १३ लाख रुपैया छ भने सुन मात्र २२ तोला छ । श्रीमति र आफ्नो नाममा विभिन्न कम्पनीमा शेयर उनको शेयर छ ।

**ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ : सुन १५ तोला ६४ लाख बैंक ब्यालेन्स**

ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले आफूसँग १५ तोला सुन र ५० तोला चाँदी रहेको खुलाएका छन् ।

सार्वजनिक सम्पत्ति विवरणमा उनले सुन र चाँदी पैतृक र विवाहबाट प्राप्त भनेका छन् । उनले विभिन्न बैंकमा ६४ लाख ६३६ रुपैयाँ ब्यालेन्स रहेको उल्लेख गरेका छन् ।

त्यस्तै सेयरमा १ ४५ लाख ४८ हजार ४२० रुपैयाँ रहेको विवरण छ । उनीसँग गाडी, स्कुटर र इभी गाडी रहेको पनि उल्लेख छ ।

**कानुनमन्त्री सोबिता गौतम : १० लाख बैंक ब्यालेन्स**

कानुनमन्त्री सोविता गौतमले आफ्नो सम्पत्ति विवरणमा काठमाडौं र चितवनमा दुई वटा घर रहेको उल्लेख गरेकी छिन् । श्रीमान गृहेन्द्र घिमिरेको नाममा काठमाडौंमा र सासु आमा कृष्ण देवीको नाममा चितवनमा घर रहेको

- बाँकी पृष्ठ ३ मा

# पुनर्जीवन खोजिँदै जनकपुर चुरोट...

भर्ना गराउन थाले । उद्योगमा आवश्यकताभन्दा बढी कर्मचारी भए । नाफा नभई घाटा हुन थाल्यो । कर्मचारीले समयमा तलब पाएनन् । मजदुर संगठनले आन्दोलन गर्न थाले ।

सूर्य टोबाको भन्दा जचुकालीको उत्पादन गुणस्तरीय थियो । स्वदेशमा मात्र नभई विदेशमा पनि जचुकालीको उत्पादनको माग धेरै थियो । यद्यपि, यी दुई उत्पादनबीच प्रतिस्पर्धा थियो ।

त्यति बेला जचुकालीमा कार्यरत उच्चस्तरका कर्मचारीले नै सूर्य टोबासँग आर्थिक लेनदेन गरी षड्यन्त्र गरेको जचुकालीबाट अवकाशप्राप्त कर्मचारी शुकेश्पर ठाकुर बताउँछन् । "उनीहरूले कहिले मेसिनमा समस्या देखाए त कुनै बेला हप्तौँसम्म उत्पादन ठप्प गर्ने काम गरे," उनले भने, "कहिले मजदुर संगठनहरूलाई उचालेर कारखाना बन्द गराउनेजस्ता षड्यन्त्रहरू गरे ।"

उनका अनुसार यसरी बजारमा जचुकालीको छवि नकारात्मक बनाउने क्रियाकलाप भइरह्यो । किसानलाई समयमै भुक्तानी दिन पनि कारखानालाई समस्या भयो । तत्कालीन उद्योग तथा वाणिज्य, आपूर्तिमन्त्री अनिल झाले ०७० असार २० गते कारखाना पूर्णमा बन्द गर्ने निर्णय गराए ।

**सञ्चालनमा प्रदेश तगारो**

विभिन्न आरोह-अवरोहबीच ०७४ जेठ ४ गते शेरबहादुर देउवा नेतृत्वको तत्कालीन सरकारले उक्त कारखाना प्रदेश सरकारलाई उपभोगको सहमति दियो । अहिले मधेस प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश प्रमुखको कार्यालय र एउटाबाहेक सबै मन्त्रालय र मन्त्री निवास जचुकालीभित्रै छ ।

दुई वर्षअघि जचुकालीको नाम परिवर्तन गरी प्रदेश सरकारले मधेस भवन राखेको छ । ३३ बिघामा फैलिएको जचुकालीको २० बिघा जग्गामा निवास, आठ बिघा क्षेत्रफलमा कारखाना, पाँच बिघामा गोदाम र एउटा कभर्ड हल समेत छ । निवास क्षेत्र अहिले पूर्ण रूपमा प्रदेश सरकारको रेखदेखमा छ । कारखाना र गोदाम क्षेत्र जचुकाली आफैँले रेखदेख गरिरहेको छ । जचुकालीले रेखदेख र सुरक्षाका लागि आठ सुरक्षा गार्ड समेत राखेको छ ।

प्रदेश सरकारले यहाँ विस्तारै स्थायी संरचना निर्माणको प्रक्रिया अगाडि बढाएको छ । स्थायी सरंचना निर्माणका लागि भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवको संयोजकत्वमा गठित जग्गा छनोट समितिले जचुकालीको जग्गा नै मुख्यमन्त्रीसमक्ष सिफारिस गरेको छ । प्रदेश सरकारले यही साउन ६ गते प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष उक्त जग्गा प्रदेश सरकारको स्थायी संरचना बनाउन हस्तान्तरण गर्न अनुरोध गरिसकेको छ ।

# मधेसमा सिँचाइ संकट...

सकेका छैनन् । भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय महोत्तरीका निमित्त प्रमुख अमलेश यादवका अनुसार बजेट अभाव, ट्रान्सफर्मर चोरी, विद्युत् आपूर्ति समस्या तथा प्राविधिक व्यवस्थापन कमजोरीका कारण संरचना सञ्चालनमा आउन नसकेको हो । उनका अनुसार संरचना निर्माण मात्र पर्याप्त नभई त्यसको दीर्घकालीन सञ्चालन र व्यवस्थापनमा पनि उत्तिकै ध्यान दिन आवश्यक छ । प्रदेश सरकारले सिँचाइ विस्तारका लागि स्यालो ट्युबवेल वितरण कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ । गत आर्थिक वर्षमा पर्सामा ४०५, रौतहटमा ३१२, बारा ३४, सप्तरी २३२, सिराहा २०९, महोत्तरी २०५ र सर्लाहीमा १४५ किसानलाई ट्युबवेल वितरण गरिएको मन्त्रालयले जनाएको छ । चालु आर्थिक वर्षमा पनि वितरण प्रक्रिया जारी रहेको छ । तर किसानहरूको भनाइमा यो कार्यक्रमले दीर्घकालीन समस्या समाधान गर्न सकेको छैन ।

मिथिला नगरपालिका-४ का किसान रामजी साहले समयमा पानी नपर्दा खेती आकाशे पानीकै भरमा गर्नुपर्ने बाध्यता रहेको बताए । त्यस्तै चक्रघट्टा नगरपालिका-३ का नरेश यादवले सिँचाइ समस्या वर्षेनी उठ्ने गरे पनि व्यवहारिक समाधान नआएको गुनासो गरे । उनका अनुसार पानी अभावले धान, गहुँ र मकै उत्पादनमा प्रत्यक्ष असर परेको छ ।मधेस प्रदेशका कृषिमन्त्री श्याम पटेलले स्यालो ट्युबवेलका लागि परेको सबै आवेदन नियमानुसार व्यवस्थापन गरिने बताएका छन् । उनका अनुसार संघीय सरकारको मातहतमा रहेको मलखादबाहेक सिँचाइ व्यवस्थापन प्रदेश सरकारको प्राथमिकतामा रहेको छ । मधेसमा सिँचाइ प्रणाली प्रभावकारी नहुनु दीर्घकालीन कृषि तथा आर्थिक जोखिमको विषय बनेको किसानहरूको भनाइ छ ।

उनीहरूका अनुसार केवल संरचना निर्माण मात्र होइन, दिगो व्यवस्थापन, नियमित मर्मत, विद्युत् आपूर्ति सुनिश्चितता तथा स्थानीय तहको सक्रियता अपरिहार्य छ । साथै सौर्य ऊर्जामा आधारित सिँचाइ र प्रविधिमैत्री समाधान अपनाउन सके समस्या समाधानतर्फ अघि बढ्न सकिने देखिन्छ ।


## सर्पदंशबारे जानकारी

वर्षायाम सुरु भएसँगै सर्पदंश (सर्पको टोकाइ)को सम्भावना बढी हुन्छ । विषालु सर्पको खतरा विशेष गरी तराई क्षेत्रमा अत्यधिक रहने भएकाले सबैले सावधानी अपनाऔं ।

**सर्पले टोकेमा के गर्ने ?**

- बिरामी आत्तिएर अन्य समस्या देखिन सक्छन् तसर्थ बिरामीलाई शान्त पार्नुपर्छ । सबै सर्प विषालु हुँदैनन् भनेर बुझाउनुपर्छ ।
- बिरामीलाई सजिलो हुने गरी भुईंमा सुताएर लुगा खुकुलो बनाउनुपर्छ । टोकेको ठाउँ वरिपरि प्रेसर ब्यान्डेज लगाउन सकिन्छ । घाउ बढी चलाउनु हुँदैन । चलाएमा विष मांसपेशीमार्फत रगतमा मिसिन सक्ने भएकाले सजग हुनुपर्छ ।
- टोकेको सर्पलाई मार्नतर्फ लाग्नु हुँदैन । मार्न थाल्दा अन्य दुर्घटना निम्तिन सक्छ ।
- टोकेको ठाउँमा रबर वा डोरीले कस्सा गरी बाँध्नु हुँदैन, ताकि रक्तसञ्चारमा अवरोध नआओस् ।
- घाउमा कुनै पनि औषधि वा रसायनको प्रयोग गर्नुहुँदैन ।
- सकेसम्म छिटो स्वास्थ्य संस्थामा लैजानुपर्छ । बिरामी सम्हालिन गाह्रो हुने भएकाले अरू पनि साथमा जान आवश्यक हुन्छ ।

**टोकाइबाट बच्ने उपाय**

- घर तथा खेल मैदान वरिपरि सफा राख्ने तथा झाडी, ढुंगा, हिलो तथा पातको थुप्रो बनाएर नराख्ने ।
- ढुंगा वा कुनै वस्तु थुपारेर राखेको ठाउँमा काम गर्दा सजग हुने।
- खुला ठाउँ तथा भुईंमा सकभर नसुत्ने र सुतेमा अनिवार्य झुल लगाउने गर्नुपर्छ ।
- खेतबारी वा बाहिर काम गर्दा शरीर पूरै छोपिने लुगा लगाउनुपर्छ ।
- राति अँध्यारोमा हिँड्दा सजग हुनुपर्छ । सकभर बत्ती बालेर वा लौरो टेकेर हिँड्नुपर्छ ।
- सर्प हुन सक्ने ठाउँबारे बालबालिकालाई सचेत गराउनुपर्छ। त्यस्तै, विषालु सर्पको टोकाइबाट हुन सक्ने समस्याबारे जानकारी दिनुपर्छ ।

रामगोपालपुर नगरपालिका
रामगोपालपुर, महोत्तरी


# मन्त्रिपरिषद्का सदस्यको सम्पत्ति...

उनले उल्लेख गरेकी छिन् ।

सार्वजनिक भएको सम्पत्ति विवरण अनुसार कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले बैंक ब्यालेन्स स्वरुप १० लाख ५० हजार ३३५ रुपैयाँ मौज्दात रहेको उल्लेख गरेकी छिन् ।

त्यस्तै, उनले दुईवटा बैंकबाट ऋण पनि लिएको आफ्नो सम्पत्ति विवरणमा उल्लेख गरेकी छिन् । जस अनुसार, गाडी खरिदका लागि राष्ट्रिय वाणिज्य बैंकबाट २० लाख लिएको र त्यसमा ७ लाख तिरेको उल्लेख गरेकी छिन् ।

एभरेष्ट बैंकबाट गाडी खरिदकै लागि २५ लाख ऋण लिएको उनले आफ्नो सम्पत्ति विवरणमा उल्लेख गरेकी छिन् ।

उनले १५ तोला सुन, ९ तोला चादी र १ तोला हिरा पनि रहेको सम्पत्ति विवरणमा उल्लेख गरेकी छिन् ।

उनले आफ्नो सम्पत्ति विवरणमा सवारी साधन खरिद गरेको विषय पनि उल्लेख गरेकी छिन् । राष्ट्रिय वाणिज्य बैंकबाट २६ लाख ऋण लिएर बा ०१-०२९ च ४३३६ नम्बरको गाडी खरिद गरेको उल्लेख गरेकी छिन् ।

उक्त सम्पत्ति प्राप्तिको स्रोत ऋण र तलब भएको सम्पत्ति विवरणमा उल्लेख छ ।

श्रीमान् गृहेन्द्र घिमिरेले एभरेष्ट बैंकबाट ९५ लाख ऋण लिएर बा ३ च ६७२२ नम्बरको गाडी खरिद गरेको उल्लेख छ । उक्त गाडी ऋण, तलब र पुरानो गाडी एक्सचेन्ज गरेर खरिद गरिएको विवरणमा उल्लेख छ ।

**महिला मन्त्री सीता बादी : १८ तोला सुन, २० कुखुरा**

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सीता वादीले घर सुनदेखि पशुधनसम्मको विवरण खुलाएकी छन् ।

उनका २० वटा कुखुरा र एउटा कुकुर रहेको पाइएको छ । मन्त्री वादीले आफूसँग एउटा स्कुटर, तीन वटा ल्याप्टप र २ वटा मोबाइल पनि रहेको सम्पत्ति विवरणमा उल्लेख गरेकी छन् ।

उनका श्रीमान्सँग पल्सर मोटरसाइकल रहेको छ । नगद ५० हजार रुपैयाँ र बैंकमा उनी र श्रीमान्को नाममा १५ लाख रुपैयाँ रहेको उल्लेख छ ।

मन्त्री वादीसँग सुन १८ तोला र चाँदी १५ तोला रहेको छ । उक्त सुन-चाँदी विवाहमा प्राप्त भएको सम्पत्ति विवरणमा उल्लेख छ ।

मन्त्री वादीको नाममा सुर्खेतमा ८९.६५ वर्ग मिटर क्षेत्रफलको जग्गा रहेको छ ।

**भौतिकमन्त्री सुनील लम्साल : ९० लाख बैंक ब्यालेन्स**

भौतिक पूर्वाधार तथा यातायात, सहकारी विकास मन्त्री सुनिल लम्सालसँग ९० लाख रुपैयाँ बैंक ब्यालेन्स छ ।सार्वजनिक सम्पत्ति विवरणमा उनीसँग ३० तोला सुन र ५० तोला चाँदी रहेको उल्लेख गरिएको छ ।

उनले परिवारका सदस्यका नाममा रुपन्देहीमा १ कठ्ठा १० धुर जग्गामा घर, नवलपरासीमा १० कठ्ठा १५ धुर जग्गा, स्याङ्जामा ७ रोपनी खेत, २२ रोपनी बारी रहेको उल्लेख गरेका छन् ।

**संघीय मामिलामन्त्री प्रतिभा रावल : काठमाडौंमा जग्गा, श्रीमान्को मुख्यस्रोत**

२९ चैत, काठमाडौं । संघीय मामिला तथा सामान्य प्रशासन, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलको काठमाडौंमा जग्गा छ । यसको स्रोत श्रीमानको आय भनिएको छ । काठमाडौंको बूढानीलकण्ठमा ७० लाख र बारामा ५० लाखको जग्गा रहेका उल्लेख छ । आफूसँग २५ तोला सुन रहेको र स्रोत स्वआर्जन तथा परिवारको उपहार भनेकी छन् ।

उनले विभिन्न बैंकमा २४ लाख रुपैयाँ बढी रकम बचत रहेको र उक्त रकम श्रीमानको आयबाट भएको उल्लेख गरेकी छन् ।

उनले २० लाख रुपैयाँ एभरेष्ट बैंकबाट २०८२ साल जेठमा ऋण लिएको पनि उल्लेख गरेकी छन् । त्यस्तै ४४ लाखको गाडी पनि रहेको उनको सम्पत्ति विवरणमा उल्लेख छ ।

**शिक्षामन्त्री सस्मित पोखरेल : व्यक्तिगत र परिवारका नाममा २० करोड बढीको अचल सम्पत्ति**

सरकारका प्रवक्ता समेत रहेका शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद मन्त्रालयको पनि जिम्मेवारीमा रहेका सस्मित पोखरेलले व्यक्तिगत र परिवारको नाममा रहेको संयुक्त अचल सम्पत्तिबारे उल्लेख गरेका छन् ।

उनले बुवा, आमा, मावलीका हजुरआमा र दिदीबहिनीसहितको संयुक्त नाममा ७ ठाउँमा करिब साढे २० करोडको अचल सम्पत्ति रहेको सम्पत्ति विवरणमा उल्लेख छ ।

काठमाडौं, मोरङ र ललितपुरमा घरजग्गा रहेको विवरणमा उल्लेख छ । साथै, २५ तोला सुन, सय तोला चाँदी रहेको विवरण उल्लेख गरेका छन् ।

उनले आफ्नो बैंक खातामा ४ लाख ४७ हजार ९९४ रुपैयाँ मौज्दात रहेको उल्लेख गरेका छन् भने डलर खातामा अमेरिकी डलर ५ रहेको उल्लेख छ ।

उनले पारिवारिक सदस्यसहितले संयुक्त रुपमा शेयर कारोबारमा पनि लगानी गरेको सम्पत्ति विवरणमा उल्लेख गरेका छन् ।

बुवा रमेशकुमार पोखरेलसहितका सदस्यहरूले पीएमएस होल्डिङ्समा विभिन्न कम्पनीका शेयरहरू करिब ३० लाख बराबरको लगानी गरेको उल्लेख गरेका छन् ।

बुवा रमेशकुमारकै राष्ट्रिय बचत पत्रमा ९६ लाख ९० हजार रुपैयाँ बराबरको रकम राष्ट्र बैंकबाट निवृत्त हुँदा पाएको रकमलाई शेयर खरिदको रुपमा राखेका छन् ।

आमा मिनाक्षी ओझा पोखरेलको नाममा राष्ट्रिय बचत पत्रमा ५० लाख रुपैयाँ बराबरको शेयर रहेको उल्लेख गरेका छन् ।

उनले आफू र आमा मिनाक्षीको नाममा ७५ लाख ऋण रहेको विवरण देखाएका छन् ।

हिमालयन बैंकमा आफ्नो नाममा २५ लाख र माच्छापुच्छे बैंकमा आमाको नाममा ५० लाख कर्जा रहेको उल्लेख छ ।

बुवा र आफ्नो नाममा दुईवटा सवारी साधन रहेको उनले सम्पत्ति विवरणमा उल्लेख गरेका छन् ।

सम्पत्ति विवरणमा कूल सम्पत्ति २४ करोड १६ लाख २७ हजार र ऋण ७५ लाख रहेको उल्लेख गरेका छन् ।उनको खुद सम्पत्ति २३ करोड ४१ लाख २७ हजार रहेको देखिएको छ ।

**कृषिमन्त्री गीता चौधरी : ५ तोला सुन १ लाख बढी बैंक ब्यालेन्स**

कृषि तथा पशुपन्छी र वन तथा वातावरण मन्त्री गीता चौधरीले ५० हजारको घडी लाउने गरेको पाइएको छ ।

आइतबार सार्वजनिक सम्पत्ति विवरणमा स्वआर्जनबाट ५० हजार रुपैयाँ पर्ने घडी रहेको उनले उल्लेख गरेकी छन् ।

त्यस्तै मोबाइल ९० हजार रुपैयाँ र ल्याप्टप ७५ हजार रुपैयाँ रहेको जनाइएको छ ।

उनको नाममा ५ तोला सुन र १०० तोला चाँदी रहेको छ । उक्त सुन र चाँदीको आयस्रोत पैतृक र स्वआर्जन रहेको जनाइएको छ । ५ वटा बैंकमा गरी मन्त्री चौधरीको नाममा १ लाख २६ हजार रुपैयाँ रहेको विवरणमा उल्लेख छ ।

मन्त्री चौधरीले ऋण काढेर एउटा स्कुटर खरिद गरेको उल्लेख छ । स्कुटर खरिद गर्दा लिएको १ लाख ५० हजार मध्ये ८४ हजार रुपैयाँ भुक्तानी गरिसकेको उल्लेख छ । स्वआर्जनबाट ३ लाख ३० हजार मूल्यको अर्को पनि स्कुटर रहेको सम्पत्ति विवरणमा उल्लेख छ । सम्पत्तिको नाममा माइतीले दिएको २ वटा बाख्रा र १० कुखुरा रहेको जनाइएको छ ।


"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

## खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
☎ ९८४४३१२२४६

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

**डाक्टर भेटने समय :** प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# सप्तरीमा आगलागी हुँदा एक घर जलेर नष्ट

**राष्ट्रिय समाचार समिति**

*सप्तरी, चैत्र २९ गते ।*



सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-१ स्थित भारदहमा आईतबार ग्यास लिक भएर आगलागी हुँदा एक घर जलेर नष्ट भएको छ ।

आगलागीबाट धर्मदेव दासको जस्ताले बनेको चार कोठे घर जलेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक अनिलकुमार साहले जानकारी दिए । सो आगलागीबाट दासको तीन कोठे भान्सा घरसमेत जलेर नष्ट भएको छ। आगलागीमा परेर खाद्यान्न, लत्ताकपडा र फर्निचरसहित गरी अनुमानित ३५ लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ। बाटो साँघुरो भएकाले समयमै बारुण यन्त्र घटनास्थलसम्म पुर्‍याउन नसक्दा बढी क्षति भएको थियो ।

स्थानीयवासी, प्रहरी र नगरपालिकाको बारुणयन्त्रको संयुक्त प्रयासमा आगो निभाइएको थियो । आगलागीमा कुनै मानवीय क्षति भने भएको छैन ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

श्री त्रिभुवन नमुना माध्यमिक विद्यालय
गौशाला, महोतरीको

शैक्षिक सत्र २०८३का लागि Diploma in Civil Engineering (9-12)

संकाय आध्ययन गर्ने ईच्छुक छात्र छात्रहरुलाई फारम भर्नाको लागि आह्वान गरिन्छ ।

हाम्रो विशेषताहरु
१. अनुशासित वातावरणमा दक्ष शिक्षक/प्रशिक्षकद्धारा अध्यापन गराईने ।
२. सुविधा सम्पन्न प्रयोगशालाको छुट्टा छुट्टै विषयको व्यवस्था भएको ।
३. प्रत्येक कक्षामा र विद्यालयको हरेक ठाउँमा CCTV क्यामराको निगरानीमा अध्यापन साथै विद्यार्थीको रेखदेख निगरानी गरिने ।
४. Civil Engineering मा अध्ययन छात्र/क्षत्राहरुका लागि परीक्षण सम्बन्धी प्रयोगशालाको व्यवस्था ।
५. प्रत्येक कक्षामा वर्ग विभाजनको (Section) व्यवस्था।
६. स्मार्ट बोर्डको प्रयोग गरि अध्यापन गराईने ।

हाम्रो कार्यक्रम
१. फारम वितरण २०८२/१२/२० गतेदेखि २०८३/०१/०४ सम्म ।
२. Orientation Class २०८३/०१/०२ गतेदेखी ०५ गते सम्म
३. प्रवेश परीक्षा २०८३/०१/०६ गते ।
४. भर्ना सुरु २०८३/०१/०७ गतेबाट
५. कक्षा संचालन २०८३/०१/१३ गतेबाट.....
६. सम्पर्क स्थान श्री त्रि.न.मा.वि. को कार्यालय
७. समय विहान ७:०० बजेदेखि ११:०० बजे सम्म ।
८. फारम र प्रवेश परीक्षा दस्तुर रु १००/-।

प्रधानाध्यापक : विनोद महतो (मो. ९८१४८००९८९)
संयोजक : ई. पप्पु कुमार रौशन (मो.९८०१६७४८५०)

सर्वोच्चको व्याख्या

# रविको आरोपपत्र संशोधन मुद्दामा कानुनी प्रश्न




**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, चैत्र २९ गते ।*

सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने विरुद्ध विभिन्न जिल्ला अदालतमा चलेको मुद्दाको आरोपपत्र संशोधन गर्ने महान्यायाधिवक्ताको निर्णयमा जटिल कानुनी प्रश्न देखिएको भनी व्याख्या गरेको छ । जटिल कानुनी प्रश्न देखिएका मुद्दाहरू तीन वा त्यो भन्दा बढी न्यायाधीश संलग्न भएको पूर्ण इजलासमा पेश हुनुपर्नेछ । न्यायाधीशहरू विनोद शर्मा र अब्दुल अजीज मुसलमानको इजलासले मुद्दामा जटिल कानुनी प्रश्न देखिएको निष्कर्ष निकालेको हो । तत्कालीन महान्यायाधिवक्ता सविता भण्डारी बरालको दुई पटकको निर्णय संविधान र कानुनी व्यवस्थाको विपरीत भएको भन्दै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी लगायत तीन जनाले सर्वोच्च अदालतमा छुट्टाछुट्टै रिट निवेदन दर्ता गरेका थिए । त्यसैको व्याख्याका क्रममा सर्वोच्चले मुद्दामा 'जटिल कानुनी प्रश्न' समावेश भएको देखेको हो । संविधानले महान्यायाधिवक्तालाई मुद्दा फिर्ता लिने अधिकार समेत दिएको अनि मुलुकी फौजदारी कार्यविधि संहिताले अभियोगपत्र संशोधन हुने परिकल्पना गरेको तर सम्पत्ति शुद्धिकरणको मुद्दा फिर्ता नहुने अवस्थाले अन्यौल सिर्जना गरेको सर्वोच्च अदालतको व्याख्या छ । १५ चैतमा सर्वोच्चले गरेको आदेशको पूर्णपाठ गत शुक्रबार सार्वजनिक भएको हो । 'विशेष ऐन अनुसारको पुरै दाबी संशोधन गरी कायम नरहने ना अभियोग पत्र संशोधन गरिएको विषयमा यस अदालतबाट स्पष्ट व्याख्या एवं न्यायिक दृष्टिकोण स्थापित भएको देखिएन' सर्वोच्चले आदेशमा भनेको छ, 'सो कानूनी प्रश्न पूर्ण इजलासबाट निरुपण हुन मुनासिव हुनाले प्रस्तुत रिट निवेदनहरू पूर्ण इजलासमा पेश गर्नू ।'

# लागुऔषध नियन्त्रणमा निर्मम भएर लाग्न गृहमन्त्रीको निर्देशन



**राष्ट्रिय समाचार समिति**

*भरतपुर, चैत्र २९ गते ।*

गृहमन्त्री सुधन गुरुङले लागुऔषधलगायत आपराधिक क्रियाकलाप नियन्त्रणका लागि निर्मम भएर लाग्न सुरक्षाकर्मीलाई निर्देशन दिएका छन् ।

आइतबार भरतपुरस्थित नेपाल प्रहरी शिक्षालयमा जिल्लाका सुरक्षा निकाय प्रमुखहरूलाई उहाँले जनअपेक्षाअनुसार सुशासन कायम गर्न र लागुऔषधलगायत घटना नियन्त्रणमा कडाइका साथ प्रस्तुत हुन निर्देशन दिएका हुन् । मन्त्री गुरुङले जनताले महसुस गर्नेगरी चुस्तदुरुस्त सेवा दिन निर्देशन दिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरीले जानकारी दिए ।

गृहमन्त्री गुरुङले आइतबार जिल्लाका विभिन्न ठाउँको निरीक्षण र अवलोकनसमेत गरे ।

उनले शनिबार राति नारायणगढ-मुग्लिन सडकखण्डका पहिरोगृस्त क्षेत्र घोप्टेभिर, तुइन खोलालगायतको अवलोकन गर्दै वर्षायाममा समस्या नदोहोरिने गरी छिटो काम गर्न निर्देशन दिएका थिए । गृहमन्त्री गुरुङ आईतबार पूर्वपश्चिम राजमार्गअन्तर्गत दाउन्ने सडकखण्डको निरीक्षण गर्न नवलपरासीपूर्व प्रस्थान गरेका छन् ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

➤ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➤ ICU, NICU, PICU सेवा
➤ X-Ray, USG, CT Scan सेवा
➤ Endoscopy/Diode Laser सेवा
➤ Laproscopy सेवा
➤ क्याबिनको समेत व्यवस्था भएको
➤ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➤ 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री